Monday, May 5, 2014
अभियान, सोमबार २२ बैशाख २०७१

# स्वास्थ्य सेवाक्षेत्रको खर्च प्रभावकारी भएन

**अभियान संवाददाता**
वैशाख २१, काठमाडौं

राज्यले स्वास्थ्य क्षेत्रमा गरेको खर्च सेवाग्राहीहरूमाझ प्रभावकारी रूपमा पुग्न नसकेको एक अध्ययनले देखाएको छ। विश्व बैङ्कको नेपालमा उत्तरदायित्व विषयक परियोजनाअन्तर्गत साउथ एशिया वाच अन ट्रेड, इकोनोमी एण्ड एन्भायरोन्मेण्ट (सावती)ले गरेको सर्वेक्षणमा स्वास्थ्य क्षेत्रको बजेट प्रभावकारी कार्यान्वयनको खाँचो रहेको औंल्याइएको हो ।

'स्रोत तथा नीतिगत खाडलको पहिचान एवम् सार्वजनिक खर्च पछ्याई सर्वेक्षण' विषयक आइतवार आयोजित एक कार्यक्रममा नीति तथा बजेटसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले नेपालका स्वास्थ्य नीति अन्तरराष्ट्रिय सन्धि तथा महासन्धिहरूमा नेपालले गरेको प्रतिबद्धताअनुरूप नै रहेको बताए। स्वास्थ्य क्षेत्रको समग्र सुधारका लागि निजी तथा गैरराज्यपक्षको भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ । कार्यपत्रमाथि टिप्पणी गर्दै पूर्वस्वास्थ्यमन्त्री विद्याधर मल्लिकले नेपालमा स्वास्थ्य क्षेत्रमा सरकारको प्रतिव्यक्ति लगानी छिमेकी राष्ट्रहरूको तुलनामा नगण्य रहेको औंल्याए । 'यस क्षेत्रको सुधारका लागि व्यवस्थापन तथा वितरण प्रणालीमा आमूल सुधारको आवश्यकता छ,' उनले टिप्पणी गरे । सो कार्यक्रममा राष्ट्रिय योजना आयोगका

## सावतीको सर्वेक्षण

पूर्वउपाध्यक्ष पृथ्वीराज लिगलले स्रोत परिचालन र बजेट कार्यान्वयनको प्रभावकारिता वृद्धि गरी स्वास्थ्य क्षेत्रमा आमूल सुधार गर्न सकिने धारणा राखे ।

सो अवसरमा स्वास्थ्य सेवाहरूलाई थप प्रभावकारी बनाउन 'स्वास्थ्य क्षेत्रमा सार्वजनिक खर्च पहिचान'सम्बन्धी कार्यपत्र पनि प्रस्तुत गरिएको थियो । निःशुल्क औषधि, सुत्केरी भत्ता र बाल खोपजस्ता कार्यक्रममा केन्द्रित रहेर गरिएको सर्वेक्षणमा आधारित कार्यपत्र प्रस्तुत गर्दै सावतीकी नीलु थापाले उक्त सेवाहरूलाई थप प्रभावकारी बनाउन बजेट विनियोजन र खर्च प्रणालीमा सुधार गर्नुपर्ने बताइन् । सावतीले हिमाल, पहाड र तराईका गरी पाँच जिल्लामा आव २०६८/६९ सर्वेक्षण गरेको थियो । झापा, बर्दिया, नुवाकोट, अछाम र मुस्ताङ पाँच जिल्लामा गरिएको सर्वेक्षण अनुसार निःशुल्क औषधिको प्रभावकारितामा सर्वसाधारणले प्रश्न उठाएको उल्लेख गरिएको छ । सरकारद्वारा वितरित निःशुल्क औषधि स्थानीय मागभन्दा पनि केन्द्रीय वा क्षेत्रीय प्रणालीबाट निर्देशित देखिएको छ ।

छलफल कार्यक्रममा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा प्रमुख सहसचिव वैकुण्ठ अर्यालले बजेट (स्रोत) को प्रभावकारी प्रयोगमा ध्यान दिनुपर्ने बताए । समयमा बजेट नपुग्नु तथा खर्च गर्ने अख्तियारी ढिलो हुने भएकाले यस क्षेत्रमा समस्या उनको भनाइ छ ।